शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १ २० असोज २०८०

## भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

## सहकारी अनुगमन तथा नियमन कर्ता (सहकारी प्रवर्धक) को नियुक्ति सम्बन्धि कार्यविधि २०७९-"पहीलो संशोधन २०८०"

**प्रस्तावना :**

शिवालय गाउँपालिकामा सञ्चालित विभिन्न सहकारीहरुको प्रभावकारी नियमन तथा अनुगमन गर्ने प्रयोजनार्थ शिवालय गाउँपालिका गाउँकार्यपालिकाले सहकारी अनुगमन तथा नियमन कर्ता (सहकारी प्रवर्धक)को नियुक्ति सम्बन्धि कार्यविधि नेपालको संविधान २०७२ को अनुसूची ८ को (२) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा २ को (ख) तथा शिवालय गाउँपालिका स्तरिय सहकारी सम्बन्धि ऐन २०७५ को दफा १०० ले दिएको नियम बनाउने अधिकार प्रयोग गरि यो कार्यविधि बनाई मिति २०७९/०५/२४ गते देखि लागु हुनेछ ।

**परिच्छेद-१**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सहकारी अनुगमन तथा नियमन कर्ता (सहकारी प्रवर्धक)को नियुक्ति सम्बन्धि कार्यविधि २०७९" रहेको छ।

(२) योकार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"कार्यविधि"** भन्नले "सहकारी अनुगमन तथा नियमन कर्ता (सहकारी प्रवर्धक)को नियुक्ति सम्बन्धि कार्यविधि २०७९" लाई सम्फनु पर्दछ ।

(ख) **"बचत"** भन्रुनले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्फनु पर्दछ।

(ग) **"सहकारी प्रवर्धक"** भन्नले शिवालय गाउँपालिका क्षेत्रभित्रका विभिन्नन सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कर्ताकोरुपमा बुझनु पर्दछ ।

(घ) **"सेवाक्षेत्र"** भन्नले शिवालय गाउँपालिका र सोपालिका अन्तर्गतका ९ वटै वडालाई बुभ्नु पर्दछ ।

(ङ) **"तह"** नेपाल सरकारले मान्यता दिएको चौथो तहलाई सम्फनु पर्दछ।

(च) **"सेवा तथा सुविधा"** भन्रुनले सहकारी प्रवर्धकले मासिक रुपमा पाउने तलब भत्ता विदा आदीलाई बुभ्नु पर्दछ ।

## परिच्छेद-२

३. सहकारी प्रवर्धकको लागि लिने प्रयोगात्मक वा मौखिक अन्तर्वाता छनौट समिति

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख. | प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| ग. | कृषि शाखा प्रमुख | सदस्य सचीव |

## परिच्छेद-३

४. **योग्यताः**

क. नेपाली नागरिक

ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट कीत्र्र पास गरेको

ग. १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको हुनु पर्ने तर अपाङ्रुग तथा महिलाको हकमा १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनु पर्ने।

घ. कुनै फौजदारी अभियोग नलागेको

ङ. नेपालमा प्रचलित ऐन तथा कानुनबाट अयोग्रुय नठरिएको हुनुपर्ने

## परिच्छेद-४

५. **परिक्षाको किसम,छनौटका आधार र सेवासुविधाः**

क. प्रयोगात्मक वा मौखिक अन्तर्वाता

ख. अनुभव वापत १० अंङ्रुक (एक वर्ष भए ८ अंक, दुइ वर्ष भए १० अंक), स्थायी बासिन्दा भए वापत १० अंक, शैक्षीक योग्रुता वापत ६० अंक( प्रथम श्रेणी भए ६०, द्धतिय श्रेणी भए ५५ र तृतीय श्रेणी भए ५० अंक) विषयबस्तुको ज्ञान वापत २० अंक दिइने छ ।

ग. प्रति महिना रु ३२९०२। (अक्षरुपी रु बत्तिस हजार नौ सय दुइ रुपैंयाँ मात्र) का दर ले १२ महिना बराबरको सुविधि दिइने छ ।

घ. नेपाल सरकारको चौँथो तहको कर्मचारीले प्राप्त गर्ने विदा उपभोग गर्न सक्ने

ङ. स्थानिय महिला तथा दलितलाई प्राथमिकता दिने ।

च. सहकारी प्रवर्धकको करार म्याद अर्थिक बर्षको असार मसान्त सम्म हुने छ निजको काम कार्य सन्तोसजनक भएमा क्रमश १ वर्षमा एक पटक नबढने गरि म्याद थप समेत गरिने छ ।

## परिच्छेद-५

### ६. अनुभव तथा विषयबस्तुहरुः

क. नेपालको संविधानको भाग १ देखि ३

ख. शिवालय गाउँपालिकाको सहकारी ऐन,२०७५

ग. स्थानिय सरकार सञ्चालन ऐन,२०७४

घ. सहकारी सम्बन्धी संघीय, प्रादेशिक सहकारी सम्बन्धि कानुन-संग्रहको सामान्य ज्ञान

ङ. नेपाल सरकारको लोगो इन्गित हुने सरकारी कार्यालय, नेपाल सरकार संगको साझेदारीमा सञ्चालित NGO/INGO तथा कुनै संघ संस्था, वितिय संस्थामा काम गरेको कागजात लाई आधार मान्ने ।

## परिच्छेद-६

### ७. सहकारी प्रवर्धकको काम कर्तब्य र अधिकारः

क. शिसवालय गाउँपालिका क्षेत्र अनर्गत सञ्चालित सहकारीको नियमन, तथ्याङ्क संकलन,तथ्याङ्क विशलेषन, प्रगतिको प्रतिवेदन, अवस्थाको आँकलन र स्थितिको नियमित निरिक्षण र अनुगमन गर्ने।

ख. कार्यालयको हिसाबले शिवालय गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतसंग पुर्णरुपमा जवाफदेही तथा उतरदाही हुने।

ग. लगाएको काम कारवाही निष्टा र इमान्दारीतका साथ पुरा गर्ने।

घ. प्राप्त प्रतिवेदनका अलवा मौखिक रिपोर्ट स्थानिय सरकारलाई दिने र आवश्यक सुझाब सल्लाह दिने।

## परिच्छेद-७

### ८. सर्त तथा बन्देजहरुः

क. सहकारी अनुगमन तथा नियमनकर्ता (सहकारी प्रवर्धक) को नियुक्ति सम्बन्धि कार्यविधि २०७९ को परिच्चेद ६ बमोजिमको कार्य नगरे वा कार्य प्रभावकारीतामा सन्तोषजनक स्थिति नदेखिएमा तथा कुनै निती तथा कानुनी प्रक्रियामा आच आउने गरि कार्य गर ेको पाइएमा, कार्यालयले अराऐको कार्य नगरेमा निजलाई नियुक्ति गर्ने अभिकारीले जुनसुकै बेला पदबाट बर्खास्त गर्न सक्ने छ ।

आज्ञाले
मान बहादुर बस्नेत
नि.प्रमुख प्रशासकीय अधिकृत